# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३, अन्तर्गत स्थापित)

**अञ्चल कार्यालय बिर्तामोड, झापा**

फोन ०२३-५४०२१४

इमेल: nfcbirta@gmail.com


प. सं. जि. २०७६/०७७

च.नं. ९६९

मिति: २०७६/०८/१८

श्रीमान नगर प्रमुख ज्यू

मेची नगर नगरपालिका

झापा

बिषयः **धान खरिद कार्यमा आवश्यक समन्वय गरिदिने बारे ।**

उपरोक्त सम्बन्धमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. (साविक नेपाल खाद्य संस्थान) ले यस आर्थिक बर्ष २०७६/०७७ को बार्षिक कार्यक्रम अनुसार सुरुवाति चरणमा ५०० मे.टन मध्यम सोना मन्सुली धान नेपाल सरकारले निर्धारण गरेको मध्यम धानको समर्थन मुल्य प्रति क्वीन्टल रु २६७३।१६ (दुइ हजार छ सय त्रिहत्तर रुपैया पैसा सोह्र)मा खरिद गर्ने कार्यक्रम रहेको व्यहोरा जानकारी गराउदछौ ।

उत्पादक कृषकहरुले समर्थन मुल्यबाट उचित लाभ पाउने तथा बिचौलियहरुलाई निरुत्साहित गर्ने व्यवस्था मिलाउनको लागि स्थानीय नेपाली नागरिक, उत्पादक किसान पहिचान गर्नका लागि नगर पालिका /गाउँ पालिकाका वडा कार्यालयहरु बाट स्थानिय उत्पादक किसान पहिचान प्रमाणिकरण तथा सिफारिस गरिदिने र सोही सिफारिसको आधारमा यस कम्पनीले धान खरिद गर्न सकेको खण्डमामा लक्षित किसान वर्ग लाभान्वित हुने हुदा यसै पत्र साथ संलग्न "स्थानीय किसान प्रमाणिकरण /सिफारिस स्लिप" त्यस नगर पालिका / गाउँ पालिकाका वाडा कार्यलयबाट किसानलाई उपलब्ध गराउने वातावरण मिलाउनका लागि आवश्यक पहल कदमी चाली उत्पादक कृषकहरुलाई लाभान्वित गराउने कार्यमा सहयोग पुर्याईदिनु हुन हार्दिक अनुरोध छ ।

**बोधार्थ**

श्री खरिद विभाग

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

प्रधान कार्यालय काठमाण्डौ

श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू

जिल्ला प्रशासन कार्यालय भद्रपूर, झापा

(एवम् अध्यक्ष प्राथमिक खरिद समिति, झापा)

श्रीमान प्रमुख ज्यू

जिल्ला समन्वय समिति, झापा

२०७६।८।१८

महेन्द्र सिटौला

नि. अञ्चल प्रमुख

...ना । सुचना ।। सुचना ।।।

# धान खरिद कार्यक्रम २०७६

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि अञ्चल कार्यालय बिर्तामोडमा कम्पनीको गुणस्तर भित्रको

## सोना मन्सुली धान प्रति क्वीन्टल रु. २६७३।१६ मा

कम्पनीको अञ्चल कार्यालय भगवान चौक बिर्तामोड -१ झापाबाट
खरिद कार्य सुचारु भइरहेको व्यहोरा कृषक वर्गमा जानकारी गराइन्छ ।

पुनश्चः

- धान तौलाई, चौकाई सम्बन्धि सम्पुर्ण खर्च कम्पनीले नै व्यहोर्ने छ ।
- धान घुन किरा नलागेको तथा अन्य बाह्य पदार्थ नमिसिएको हुनुपर्नेछ ।
- धान खरिद कार्य सार्वजनिक बिदाको दिन बाहेक हरेक दिन बिहान १० बजे देखि साँझ ५ बजेसम्म सुचारु रहने छ ।
- धान बिक्री गर्ने किसानले अनिवार्य रुपमा नागरिकताको प्रतिलिपि ल्याउनुपर्ने छ ।
- धान बिक्री गर्ने किसानले सम्बन्धित वडा कार्यालयको किसान पहिचानको सिफारिस पत्र अनिवार्य ल्याउनुपर्ने छ ।

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

अञ्चल कार्यालय बिर्तामोड, झापा
फोन ०२३-५४०२१४